# गुणस्तरीय शिक्षा

## हङकङ विशेष प्रशासनिक क्षेत्र, चीन



## 1 नयाँ शैक्षिक संरचनाको परिचय

हङकङ विशेष प्रशासनिक क्षेत्र (HKSAR) को सरकारले सेप्टेम्बर 2009 देखि नयाँ शैक्षिक संरचना (NAS)को कार्यान्वयन गरेको छ जस अन्तर्गत उच्च माध्यमिक (Senior Secondary-SS) तहमा 3-वर्षे विद्यालय पाठ्यक्रम र विश्वविद्यालय तहमा 4-वर्षे स्नातक तहका कार्यक्रम समावेश छ। विद्यार्थीहरूले माध्यमिक शिक्षाको अन्त्यमा एउटा मात्र सार्वजनिक परीक्षा - हङकङ डिप्लोमा अफ सेकेन्डरी एजुकेशन (HKDSE) लिनुपर्नेछ पहिलो HKDSE 2012 मा सफलतापूर्वक सुरुवात गरिएको छ।

## 2 नयाँ शैक्षिक संरचनाका फाइदाहरु : विश्वव्यापी नागरिक र विश्वव्यापी मार्गहरु

हङकङमा, सबै विद्यार्थीहरू बाह्र वर्षे नि:शुल्क विद्यालय शिक्षा प्राप्त गर्नका लागि हकदार हुन्छन्। New Academic Structure (NAS) ले विद्यार्थीहरूका विभिन्न आवश्यकता, रूचि र क्षमता अनुरूप विविध छनोटहरू भएको व्यापक र सन्तुलित पाठ्यक्रम प्रदान गर्दछ । विद्यार्थीहरुका पूर्ण व्यक्तित्व विकास, आजीवन सिक्ने क्षमता र विश्वव्यापी दृष्टिकोणलाई वृहत जोड दिइएको छ । HKDSE दिएपछि विद्यार्थीहरुमा उच्च शिक्षा र कार्यस्थलमा पहुँच हुनाका साथै बहुमार्गहरु मार्फत अन्य देशहरुका शैक्षिक प्रणालीहरुको उचित जानकारी हुनेछ । (निम्न चित्रहरु हेर्नुहोस)(निम्न चित्रहरू हेर्नुहोस्)।

### उच्च माध्यमिक तह पूरा गर्ने विद्यार्थीहरुका निमित्त बहु मार्गहरु




## 3 उच्च माध्यमिक (SS) पाठ्यक्रम

### रूपरेखा

NAS अन्तर्गत, SS पाठ्यक्रममा* निम्न कुराहरू पर्दछन्:

| 4 वटा मुख्य विषयहरू | + | 2 वा 3 वटा वैकल्पिक विषयहरू | + | अन्य सिकाइ अनुभवहरू |
|---|---|---|---|---|
| चिनियाँ भाषा<br>अङ्ग्रेजी भाषा<br>गणित**<br>लिबरल स्टडिज | | निम्न मध्येबाट छनोट:<br>20 वटा SS वैकल्पिक विषयहरू<br>व्यावहरिक सिकाइका विषयहरू<br>अन्य भाषाका विषयहरू | | नैतिक तथा नागरिक शिक्षा<br>समुदाय सेवा<br>सौन्दर्य विकास<br>शारीरिक विकास<br>पेशा -सम्बन्धित अनुभवहरू |

* यो पाठ्यक्रम विद्यालय विविधताका आवश्यकताहरूलाई पूरा गर्न तीन वर्षमा 2400±200 को लचकदार क्षेत्र भएको2500 पाठ घण्टाको आधारमा डिजाइन गरिएको छ।

** गणितमा अनिवार्य भाग र दुईवटा वैकल्पिक विस्तारित मोड्युलहरू समावेश छन् (ऐच्छिक, विद्यार्थीहरूले अधिकतममा एउटा वैकल्पिक विस्तारित मोड्युल लिन सक्छन्): मोड्युल 1 (M1) - हिसाब र तथ्याङ्कशास्त्र वा मोड्युल 2 (M2) - वीजगणित र हिसाब।

### लिबरल स्टडिज

SS पाठ्यक्रममा लिबरल स्टडिज एउटा मुख्य विषय हो। विद्यार्थीहरूको ज्ञानको आधारलाई विस्तार गर्ने र उनीहरूको सामाजिक, राष्ट्रिय तथा विश्वव्यापी सचेतनालाई वृद्धि गर्ने साथै बहु-शास्त्रीय जांच दृष्टिकोण अपनाएर विस्तृत दायराको अध्ययन मार्फत उनीहरूको बहु-दृष्टिकोण र महत्वपूर्ण सोचाइ सीपहरूको विकास गर्ने लक्ष्य लिएको छ ।

## ऐच्छिक विषयहरु

विस्तृत र सन्तुलित पाठ्यक्रम प्रदान गर्न सिकाइका 8 मुख्य क्षेत्रहरु अन्तर्गत 20 वटा SS विषयहरु, 6 वटा अन्य भाषागत विषयहरु र व्यापक रुपमा व्यवहारिक सिकाइ (Applied Learning-ApL) का विषयहरुको प्रस्ताव गरिएको छ ।

### सिकाइका 8 मुख्य क्षेत्रहरु

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| चिनियाँ भाषा शिक्षा | अङ्ग्रेजी भाषा शिक्षा | गणित शिक्षा | व्यक्तिगत, सामाजिक तथा मानविकी शिक्षा | विज्ञान शिक्षा | प्राविधिक शिक्षा | कला शिक्षा | शारीरिक शिक्षा |

ApL ले व्यापक पेशागत तथा व्यावसायिक क्षेत्रहरूसँग सम्बन्धित अभ्यास तथा सिद्धान्तमा समान महत्त्वका अध्ययनहरू प्रस्ताव गर्छ। समग्र सिकाइका लागि, विद्यार्थीहरूको विविध सिकाइका आवश्यकता, रूचि तथा योग्यताहरूको प्रबन्ध गर्नमुख्य विषयहरू, ऐच्छिक विषयहरू र अन्य सिकाइका अनुभवहरूसँग ApLको लचकदार संयोजनले सैद्धान्तिक र व्यावहरिक सिकाइका अवसरहरू प्रदान गर्न मद्दत गर्छ। अनुप्रयोग तथा अभ्यासहरू मार्फत, विद्यार्थीहरूसंग वंशाणुगत सीपहरू तथा सुरुवातकर्ताहरूको सीप सेट विकास गर्ने, र आजीवन सिकाइको लागि आफ्ना करियरका आकांक्षाहरू तथा अभिमुखिकरणका अन्वेषण गर्ने अवसरहरू हुन्छ। विभिन्न ApLपाठ्यक्रमहरूलाई निम्नलिखित अध्ययनका छ वटा क्षेत्रहरू अन्तर्गत विकास गरिएका छन्।

| | | | | | |
|---|---|---|---|---|---|
| सिर्जनात्मक अध्ययन | मिडिया तथा सञ्चार | व्यवसाय व्यवस्थापन र कानून | सेवाहरू | व्यावहारिक विज्ञान | ईन्जिनियरिङ र उत्पादन |

फरक-फरक ApL का कोर्षहरु योग्यता रूपरेखा (Qualification Framework- QF) स्तर 3 मा प्रमाणपत्र कार्यक्रमको रूपमा योग्यताहरूको दर्तामा दर्ता गरिएका छन् । शैक्षिक वष 2014/15 बाट, वैकल्पिक चिनियाँ भाषा योग्यता प्राप्त गर्न Non Chinese Speaking (NCS) विद्यार्थीहरूलाई अतिरिक्त माध्यम प्रदान गन, QF तह 1 देखि 3 मा सेट गरिएको व्यावहारिक सिकाइ चिनियाँ भाषा (NCS विद्यार्थीहरुको लागि) चरणवद्धरुपमा प्रारम्भ गरिएको छ ।

विषय विवरणहरू नयाँ शैक्षिक संरचनाको वेब बुलेटिन (http://edb.gov.hk/nas/en/curriculm) मा उपलब्ध छन्।

# विद्यालयमा प्रस्ताव गरिएको SS वैकल्पिक विषयहरू फरक-फरक विद्यालयहरूको विषयवस्तु तथा विद्यार्थीहरूको आवश्यकता अनुसार भिन्न हुन सक्छन्।

## अन्य सिकाइका अनुभवहरू (OLE) तथा विद्यार्थीको सिकाइ प्रोफाइल (SLP)

आधारभूत शिक्षामा प्राप्त गरिएको सिकाइ अनुभवहरूको आधार निर्माणमा OLE, SS पाठ्यक्रमको अनिवार्य अंश हो जुन पूर्ण-व्यक्ति विकासलाई बढावा गर्न डिजाइन गरिएको हो। विद्यालयको पाठ्यक्रम भित्र, विद्यार्थीहरूलाई OLE गतिविधिहरुको पाँच क्षेत्रहरु जस्तै नैतिक तथा नागरिक शिक्षा, करियर सम्बन्धि अनुभवहरु, सामुदायिक सेवा, सौन्दर्य विकास, शारीरिक विकास उपलब्ध गराइएका छन् । OLE मा विद्यार्थीहरुको सिकाई प्रोफाइल (SLP) विकास गर्न विद्यालय बाहिर प्राप्त पुरस्कार तथा उपलब्धीहरु, विद्यालयमा हासिल गरेका शैक्षिक योग्यता र अझ पोष्ट माध्यमिक र विश्वविद्यालय तथा रोजगारदातालाई भर्ना सन्दर्भको लागि महत्वपूर्ण सिकाइका आफ्ने कथा बताउन आत्म समिक्षा गर्न प्रोत्साहन गरिन्छ

## 4 मूल्याङ्कन - HKDSE

NAS अन्तर्गत, विद्यार्थीहरूले A, B, वा Cवर्गहरूबाट अधिकतम आठवटासम्म विषयहरू लिन सक्छन्।

### वर्गA: 24 वटा उच्च माध्यमिक विषयहरु (4 वटा मुख्य विषयहरू र थप 20 वटा वैकल्पिक विषयहरू सहित)

HKDSE ले मानकहरू-सन्दर्भित रिपोर्टिङ (Standards Reference Reporting-SRR) प्रणालीलाई ग्रहण गर्दछ । विद्यार्थीहरूको प्रदर्शनलाई पाँच तहहरू (1 देखि 5 तहहरू) को सन्दर्भमा अभिलेख रिपोर्ट गरिनेछ , 5 सबैभन्दा माथि हुन्छ। शीर्ष तहका 5 उम्मेदवारहरूलाई तह 5** पुरस्कृत गरिनेछ र अर्को शीर्ष तहका 5 उम्मेदवारहरू तह 5* पुरस्कृत गरिनेछ । तह1 स्तर पनि प्राप्त नगर्ने उम्मेदवारहरूले भने उक्त निश्चित विषयको लागि कुनैपनि नतिजा प्राप्त गर्ने छैनन्। प्रत्येक तहहरूमा विद्यार्थीहरूको विशिष्ट प्रदर्शन वर्णन गर्ने निर्धारित वर्णनकर्ताहरूको विस्तृत विवरण रहेको छ । कृपया थप विवरणका लागि हङकङ परीक्षा तथा मूल्याङ्कन निकाय (HKEAA) को वेबसाइट (http://www.hkeaa.edu.hk/en/HKDSE/assessment/the_reporting_system/SRR/) मा उपयोग गर्नुहोला ।

### वर्गB: व्यावहारिक सिकाइका (ApL) विषयहरू

वर्ग दुय (व्यावहारिक सिकाइ) विषयहरुको मूल्याङ्कन पाठ्यक्रम प्रदायकहरुद्वारा उत्तरदायित्व लिएको छ । HKEAA को मध्यस्थता पछि अन्तिम नतिजाहरुलाई ज्प्मक्भ् प्रमाण पत्रमा अभिलेख गरिन्छ । 2012-2017 सम्मका HKDSE परीक्षाहरुका लागि, ApL नतिजाहरुलाई ज्प्मक्भ् मा Attained “हासिल गरेको” र Attained with Distinction “डिस्टिङ्सन सहित हासिल” गरेको भनेर रिपोर्ट गरिन्छ । उच्च शिक्षा वा कामको उद्देश्यको लागि ApL कोर्षहरुमा “हासिल गरेको” र “डिस्टिङ्सन सहित हासिल गरेको” नतिजा प्राप्त गर्ने विद्यार्थीहरुलाई तह 2 र तह 3 का रुपमा 2018 HKDSE परीक्षाको वर्ग A विषयहरु भन्दा माथि आवश्यक दक्षमताहरु प्राप्त गर्ने विद्यार्थीहरुको रुपमा स्वीकार गरिन्छ । 2018 HKDSE को सुरुवातबाट, ApL विषयहरुमा विद्यार्थीहरुको प्रदर्शनलाई निम्न 3 तहमा अझ संशोधित गरिनेछ ।

| | | |
|---|---|---|
| हासिल गरेको | डिस्टिन्सन सहित हासिल गरेको (I) | डिस्टिन्सन सहित हासिल गरेको (II) |

HKDSE को वर्ग A का विषयहरुसँग तुलना गर्दा “डिस्टिङसन सहित हासिल गरेको (I)” तह 3 सँग तुलना योग्य हुनेछ जब कि “डिस्टिङसन सहित हासिल गरेको (II)” तह 4 वा माथिसँग तुलना योग्य हुनेछ । ApL चिनियाँ भाषाको लागि NCS विद्यार्थीहरुको लागि, विद्यमान रहेका तहहरुको नतिजाहरु, जस्तै “हासिल गरेको” र “डिस्टिङसन सहित हासिल गरेको” नै प्रयोगमा रहनेछन् ।

### वर्गC: अन्य भाषाका विषयहरू

फ्रेन्च, जर्मन, हिन्दी, जापानी, स्पेनिस र उर्दु गरि 6 वटा अन्य भाषाका विषयहरु छन् । यी विषयका विद्यार्थीहरु HKEAA द्वारा प्रशासित क्याम्ब्रिज अन्तर्राष्ट्रिय परीक्षा (Cambridge International Examination CIE) को Advanced Subsidiary (AS) Level परीक्षाको लागि बस्नेछन् । मार्किङ तथा ग्रेडिङ पनि CIE द्वारानै गरिनेछ । नतिजाहरुलाइ पाँच ग्रेड (A-E) को सन्दर्भमा प्रतिवेदन गरिनेछ, ग्रेड भ् लाई सबैभन्दा न्युन र ग्रेड A लाई सबैभन्दा उच्च मूल्याङ्कन गरिनेछ । ग्रेड E भन्दा तल प्राप्त गर्नेलाई प्रमाणपत्रमा प्रतिवेदन गरिने छैन ।

## 5 मान्यता

### स्थानीय मान्यता

सरकारी अनुदान प्राप्त तथा व्यक्तिगत लगानीका संस्थाहरुद्वारा प्रस्तावित स्नातक कार्यक्रमहरुमा प्रवेशका लागि आवश्यक न्युनतम मापदण्डहरु चिनियाँ तथा अङ्ग्रेजी भाषाको लागि तह 3 र गणित तथा लिबरल स्टडिज का लागि तह 2 (अर्थात "3322") रहेका छन् । विधार्थी भर्नाका निमित्त एक वा दुइवटा ऐच्छिक विषयहरुमा हासिल गरेको तह र न्युनतम आवश्यक मापदण्ड फरक फरक शैक्षिक संस्थाहरु, संकायहरु र कार्यक्रमहरुले आफै निर्धारण गर्नेछन् ।

SS पाठ्यक्रम लिने र HKDSE को परीक्षा दिने तर चिनियाँ भाषा नबोल्ने विद्यार्थीहरु जसले निर्दिष्ट शर्तहरु पूरा गरेका छन् उनीहरुका लागि सामान्य चिनियाँ भाषाको परीक्षाको विकल्पमा विभिन्न शैक्षिक संस्थाहरुले आफ्नो भर्ना आवश्यकताहरु पूरा गर्ने उद्देश्यका लागि,General Certificate of Secondary Education (GCSE), International General Certificate of Secondary Education (IGCSE) र General Certificate of Education (GCE) लाई समेत विचार गर्न सक्नेछन् । यसका लागि (a) विद्यार्थीहरु जसले प्राथमिक र माध्यमिक शिक्षा प्राप्त गर्दा ६ वर्ष भन्दा कम समयमा चिनियाँ भाषा सिकेका छन्; वा (b) विद्यार्थीहरु जसले ६ वर्ष वा सोभन्दा बढी समयमा चिनियाँ भाषाको पाठ्यक्रम पढेका छन् र स्थानीय विद्यालयहरुका बहुसङ्ख्यक विद्यार्थीहरुमा साधारणत लागू नहुने रुपान्तरित तथा सजिलो चिनियाँ भाषाको पाठ्यक्रम सिकाइएको हुनुपर्नेछ ।

विश्वविद्यालय अनुदान सभाद्वारा संचालित संस्थाहरु तथा अधिकांश शैक्षिक संस्थाहरुले ApL(C) लाई न्युनतम तहको आवश्यकताको रुपमा "हासिल गरेको" तह प्राप्त भएका NCS विद्यार्थीहरुलाई भर्नाको लागि चिनियाँ भाषामा वैकल्पिक योग्यताको रुपमा स्वीकार गर्दछ ।

एसोसियट डिग्री वा उच्च डिप्लोमा कार्यक्रमहरूको भर्नाको लागि न्यूनतम प्रवेश आवश्यकता अङ्ग्रेजी भाषा र चिनियाँ भाषा सहित पाँच HKDSE विषयहरूमा तह 2 हो। "हासिल गरेको" तहमा अधिकतममा 2 ApLविषयहरूलाई स्वीकार गर्न सकिन्छ।

### अन्तर्राष्ट्रिय पहिचान

HKEAA ले गैर-स्थानीय तथा विदेशी संस्थानहरू द्वाराHKDSE को पहिचानलाई सुरक्षित गर्न अन्तर्राष्ट्रिय निकायहरूसँग राम्ररी कार्य गरिरहेको छ। यस्ता संस्थाहरूबाट SS पाठ्यक्रमको लक्ष्य तथा डिजाइनमा सकारात्मक टिप्पणीहरू प्राप्त भएका छन्। HKDSE को पहिचानको थप विवरणहरू HKEAA को वेबसाइट (http://www.edu.hk/en/recognition/hkdse_recognition/) मा उपलब्ध छ।

### HKDSE को UCAS प्रशुल्क मूल्य

सेप्टेम्बर 2017 को सुरुवातबाट, भर्ना उद्देश्यको लागि UK मा उच्च शिक्षा संस्थानहरूलाई सहायता गर्न नयाँ UCAS प्रशुल्क मूल्यको थालनी हुनेछ। HKDSE मा तह 3 देखि तह 5** GCE A Level तह परीक्षामा श्रेणी E देखि A सम्म तुलना योग्य हुन्छन्। वर्गीकरण A उच्च माध्यमिक विषयहरूमा तह 5** लाई उच्चतम सम्भावित 56 अंक प्रदान गरिएको छ । प्रत्येक अनिवार्य भाग तथा गणितको विस्तारित भागको तह 5** लाई 28 अंकले प्रत्येकलाई पुरस्कृत गरिएको छ, जसले गर्दा गणितको दुवैभाग लिने उम्मेदवारले प्रशुल्क पोइन्ट प्राप्त गर्न सक्छन् जुन अन्य HKDSE वर्गA का विषयहरूसँग बराबर हुन्छन्।
(http://www.hkeaa.edu.hk/en/recognition/hkdse_recognition/overseas/uk/).

## 6 अन्तर्राष्ट्रिय प्रतिक्रियाहरू

NAS र HKDSE प्रचारको उद्देश्यसँगै, HKSAR को शिक्षा ब्यूरो र HKEAA ले विभिन्न राष्ट्रहरूमा NAS र HKDSE लाई परिचित गराउनको लागि उच्च शिक्षाका क्षेत्रहरू र शिक्षा निकायहरू भ्रमण गरेका छन्। सकारात्मक टिप्पणीहरू प्राप्त भएका छन्।

**'उदाहरणीय' पाठ्यक्रम पुन: सुधार**

- **"...एक साधनको रूपमा उच्च-प्रदर्शन प्रणाली ग्रहण लिएर र यसलाई अझै उत्कृष्ट बनाई राख्नु हो,[हङकङ पाठ्यक्रम र परीक्षाहरू पुन: सुधार] उदाहरणीय प्रमाणित भएको छ ।"**
- **"सरकारले दीर्घकालीन, रणनीतिक दृष्टिकोण लिएको छ र प्रणालीका प्रत्येक तत्त्वले पुन: सुधारलाई सुदृढ बनाउन कार्यान्वयन उपकरणको रूपमा कार्य गरेको कुरालाई सुनिश्चित गरेको छ। किनभने यस कामको डिजाइनलाई सुसंगत तथा अत्यधिक सुविचारित गरिएको थियो।**

Barber, M., Donnelly, K. र Rizvi, S. (2012).
नवप्रवर्तनका महासागरहरू: आन्द्र महासागर, प्रशान्त महासागर, विश्वव्यापी नेतृत्व र शिक्षाको भविष्य। लण्डन: IPPR.

- **"हङकङ सफल शिक्षा रणनीति तथा कार्यान्वयनको प्रमुख उदाहरण हो।"**
- **"हङकङको सफलता पूर्ण-प्रणाली कार्यान्वयनमा यसको विस्तृत तथा छोटो प्रस्तावबाट उत्पन्न भएको हो। यसले कार्यान्वयन योजनालाई रणनीति योजना सँगैसँगै उत्तरदायित्व लिन्छ..."**

जेन्सेन, बी. (2012). प्राप्त गर्नः पूर्वी एशियामा उत्कृष्ट विद्यालय प्रणालीहरूबाट सिक्ने, ग्रेट्टेन संस्था

## 7 क्षेत्रीय शिक्षा हबको रूपमा हङकङ

हङकङ एउटा यस्तो ठाउँ हो जहाँ पूर्वले पश्चिमलाई भेट्छ। यसले विश्वव्यापीकरण विश्वमा चूनौतिहरूलाई पूरा गर्न विद्यार्थीहरूलाई तयारी गर्न एउटा आकर्षक सिक्ने वातावरण उपलब्ध गराउँछ। हङकङले क्षेत्रको लागि प्रतिभा पोषण गर्न क्षेत्रीय शिक्षा हब हुने कामना राख्छ। हामीले अध्ययन गर्न, शैक्षिक अनुसन्धान सञ्चालन गर्न, र शैक्षिक विनिमय गतिविधिहरूमा सहभागी हुनको लागि विदेशी विद्यार्थीहरूलाई स्वागत गर्छौं।

### शीर्ष-स्तरका विश्वविद्यालयहरू

हङकङका विश्वविद्यालयहरू विश्वको उत्कृष्ट मध्ये छन्। 20 वटा डिग्री-प्रदान गर्ने संस्थानहरू मध्ये, चारवटा Quacquarelli Symonds द्वारा 2016 मा शीर्ष 100 भित्र परेका छन् र तीनवटा 2016 मा Times Higher Education supplement पूरकद्वारा शीर्ष 100 भित्र परेका छन् ।



### विश्व-स्तरीय MBA र EMBA

हङकङका विश्वविद्यालयहरूले एशियाको (र विश्वको) उत्कृष्ट व्यावसायिक प्रशासन र कार्यकारी व्यापार व्यवस्थापन कार्यक्रमहरू आयोजना गर्छन्। सन् 2015 को वित्तीय समय (Financial Times) को सर्वेक्षणले Kellogg-HKUST EMBA कार्यक्रमलाई विश्वव्यापी रूपमा दोस्रो स्थानमा राखेको छ। सन् 2016 मा, हङकङ विश्वविद्यालय विज्ञान र प्रविधिले प्रस्ताव गरेको MBA कार्यक्रम विश्वव्यापी रूपमा चौधौं स्थानमा परेको छ।

## 8 NAS समीक्षा




NAS समीक्षामा थप विवरणहरूको लागि, कृपया NAS समीक्षाको बेवसाइटमा जानुहोस:
http://www.edb.gov.hk/nas/review/en

## 9 उपयोगी वेबसाइटहरू

- शिक्षा विभाग: http://www.edb.gov.hk/en
- हङकङ परीक्षा तथा मूल्याङ्कन निकाय: http://www.hkeaa.edu.hk/en/
- नयाँ शैक्षिक संरचना वेब बुलेटिन: http://www.edb.gov.hk/nas/en
- एप्लाइड लर्निङ: http://www.edb.gov.hk/apl/en
- अन्य सिकाइका अनुभावहरु तथा विद्यार्थीको सिकाइ प्रोफाइल:
  http://www.edb.gov.hk/cd/ole
  http://www.edb.gov.hk/cd/slp
- विदेशी आगन्तुक कर्नर: http://www.edb.gov.hk/nas/overseas
- योग्यता दर्ता: http://www.hkqr.gov.hk
- NAS समीक्षा: http://334.edb.hkedcity.net/EN/334_review.php

**सम्पर्कका लागि**
इमेल: nas@edb.gov.hk
टेलफिोन: 2892 6460

शिक्षा विभाग
हङकङ विशेष प्रशासनिक क्षेत्रको सरकार

हङकङ परीक्षा तथा मूल्याङ्कन निकाय

अक्टोबर 2016